श्री
राजस्व न्यायाधिकरण काठमाण्डौ
इजलास
माननीय अध्यक्ष श्री किशोर सिलवाल
राजस्व सदस्य श्री जीवन कुमार घिमिरे
लेखा सदस्य श्री डम्बर बहादुर कार्की
फैसला
२०७५/०७६ सालको निर्णय नं. ३
पुनरावेदन नं. : ०७४-RB-०१२२

जिल्ला धनुषा जनकपुर न.पा. वडा नं १ मिल्स एरिया स्थित नाथ इम्पेक्स फर्मको प्रोप्राइटर कालिशरण अग्रवाल.................................................१ } पुनरावेदक

**विरुद्ध**

भन्सार जाँचपास परिक्षण कार्यालय तिनकुने...........................................१ } प्रत्यर्थी

**मुद्दा : बढी भन्सार मूल्याङ्कन**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री नारायण नेपाल
विद्वान अधिवक्ता श्री कृष्ण पोखरेल
प्रत्यर्थी कार्यालयको तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई
अविलम्वित नजिर : X

भन्सार जाँचपास परिक्षण कार्यालय तिनकुनेबाट भन्सार जाँच पछिको परीक्षण हुँदा मिति २०७४।१०।२१ को निर्णय अनुसार भनी थप भन्सार महशुल र मूल्य अभिवृद्धि कर एवं जरिवाना दाखिला गर्न भएको पत्राचार उपर भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक नाथ इम्पेक्स फर्मको यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

**मुद्दाको तथ्य**

१. पुनरावेदक नाथ इम्पेक्स फर्मले विभिन्न भन्सार कार्यालयबाट विभिन्न मिति २०६९।६।१ देखि २०६९।१२।३० सम्ममा आयात गरेको मालबस्तुहरुको भन्सार जाँचपास पछिको परिक्षण गर्न छनौट भएको हुँदा उक्त पैठारीसँग सम्बन्धित पेश भएका प्रमाण कागजातहरु परिक्षण गरी मिति २०७०।१०।२९ मा भन्सार महसूल रु. ५९९०८५।– तथा भन्सार ऐन

२०६४ को दफा ३४(२) र (३) बमोजिम शतप्रतिशत जरिवाना रु. ५,९९,०८५।– समेत जम्मा रु. ११,९८,१७०।– र मू.अ.कर रु. १५,७७,५१८।– र सो मा सत् प्रतिशत जरिवाना समेत जम्मा रु. ३,१५,०३६।– समेत कूल जम्मा रु. १५,१३,२०६।–भन्सार ऐन २०६४ को दफा ३४ बमोजिम महसूल दाखिला गर्न प्रत्यर्थी कार्यालयबाट पुनरावेदक कम्पनीको नाममा आदेश भएको रहेछ । उक्त आदेश उपर भन्सार ऐन २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक नाथ इम्पेक्स फर्मका तर्फबाट प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष पर्न आएको देखियो ।

२. पुनरावेदक कम्पनीका तर्फबाट प्रस्तुत पुनरावेदनपत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. कम्पनीले सामान आयात गर्दा जाँचपास प्रयोजनका लागि प्रज्ञापन पत्र भरी आयातसंग सम्बन्धित सम्पूर्ण कागजातहरु पेश गरेकोमा प्रत्यर्थी कार्यालयबाट चित्त बुझाई एकपटक सामान जाँचपास भइसके पछि पुनः उक्त सामानको भन्सार दरबन्दी फरक घोषणा गरेको भनी मिति २०७४।१२।२१ मा निर्णय भएको भनिएको,

ख. पैठारी गरेको टायर ट्यूव कषि कार्यको लागि पैठारी भएको छ । उत्पादनकर्ता मुलुकबाट सामान आयात गरेको विवरण, कमर्सियल इन्चाइस, खरिद विक्री खाता, स्टक बुक, प्रज्ञापन पत्र समेतबाट प्रष्ट पारिएको अवस्थामा Website Search गरी Light Vehicle Jeep मा समेत प्रयोग हुने भनिएको आधारमा भन्सार दरबन्दी शिर्षक फरक गरिएको छ ।

ग. तसर्थ प्रत्यर्थीबाट मिति २०७४।१०।२१ मा जारी गरिएको जाँचपास पछिको परीक्षणको पत्र एवं सोसंग सम्बन्धित निर्णय वदर गरी पाउँ ।

<u>ठहर</u>

३. नियम बमोजिम पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

४. पुनरावेदक करदाता नाथ इम्पेक्सका तर्फबाट रहनु भएका विद्धान अधिवक्ता नारायण नेपाल र कृष्ण पोखरेलले भन्सार जाँचपास परीक्षण कार्यालयको निर्णय नमिलेकोले मिति २०७२।६।१९ मा पुनः परीक्षण गरी निर्णय गर्न यस न्यायाधिकरणबाट आदेश भएको हो । सो फैसला आदेशको मकसद अनुसार प्रत्यर्थीबाट निर्णय भएको छैन । पुनः परीक्षण गर्दा विवादित टायर टयूवहरुका सम्बन्धमा अटोमोबाइल्स एशोसिएशन अफ नेपाल (NADA) लाई सोधियो तर प्राप्त जवाफ अनुसार गरिएन । नाडासँग पत्राचार गरेको व्यहोरा निर्णय पर्चामा उल्लेख नै गरिएको छैन । गाडिको क्षमता अनुसार टायरको बनोट, डिजाइन तौल आदि फरक पर्छ । टयाक्टरको अगाडि र पछाडिका टायरहुन भन्ने प्रमाणित अवस्थामा अन्य बस र लहरीमा प्रयोग हुने टायर, कार/जीपमा प्रयोग हुने टायर टयूब हुन भनी प्रत्यर्थी कार्यालयले

गरेको निर्णय कानून सम्मत नभएको हुँदा बदर गरिपाउँ भनी बहस गर्नुभयो ।

५. प्रत्यर्थी भन्सार जाँचपास परीक्षण कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्धान शाखा अधिकृत श्री नगेन्द्र लम्सालले पहिले भएका फैसलाले निर्देश गरे अनुसार विस्तृत व्यहोरा खुलाई निर्णय भएको छ । बहुराष्ट्रिय कम्पनीको वेभसाइटलाई आधिकारिक मान्नु पर्छ । कुन प्रयोजनका टायर हुन ? भन्ने सम्बन्धमा उत्पादक कम्पनीको वेभसाइटमा Multiple Use गर्न सकिने उल्लेख भएको छ । सोही अनुसार ट्याक्टरमा मात्र प्रयोग हुने भन्न मिल्दैन । पूर्व फैसला र टायर ट्यूवको प्रयोजन अनुसार महसूल निर्धारण भएकोले शुरु निर्णय सदर हुन पर्छ भनी बहस गर्नु भयो ।

६. प्रस्तुत मुद्दाको पुनरावेदन पत्र एवं प्राप्त शुरु मिसिल अध्ययन गरी उपरोक्त अनुसारको बहस समेत सुनि निर्णय तर्फ विचार गर्दा देहायका प्रश्नको निरोपण गर्नु पर्ने देखिन्छः–

(क) पुनरावेदकले पैठारी गरेका टायर ट्यूवहरु कृषि कार्यको ट्याक्टरको लागि प्रयोग हुने हो वा बस, लहरी मोटर कारहरुमा समेत प्रयोग हुने हुन ?

(ख) पुनरावेदकले पैठारी गरेको मालबस्तुको कारोबार खर्च घटी घोषणा गरी महसूल घटी असुल भएको हो होइन ?

७. प्रथम प्रश्न तर्फ विचार गर्दा पैठारी भएका टायर ट्यूवहरु ट्याक्टरमा प्रयोग हुने वा अन्य सवारी साधन बस, लहरी एवं मोटरकारहरुमा समेत प्रयोग हुने हुन भन्ने सम्बन्धमा पुनरावेदक करदाताले प्रत्यर्थी कार्यालयमा पेश गरेको मिति २०७०।१०।२२ र मिति २०७४।१०।१८ को जवाफमा भन्सार जाँचपास परीक्षण कार्यालय, यातायात व्यवस्था विभाग, गोरखकाली रबर उद्योग र नेपाल अटोमोबाइल्स डिलर एशोसियसनको संयुक्त टोली बनाई टायरको भौतिक परीक्षण गर्न अनुरोध गरेको देखिन्छ । पुनरावेदकको उक्त जिकिरका सम्बन्धमा निर्णयकर्ताले विवेचना गरी खण्डन गरेको देखिंदैन । उत्पादक कम्पनीको वेभसाइटमा कुनै टायर विशेषको विशेषता नभई आफ्ना उत्पादनहरु हिलो/धुलो जहाँसुकै सुविधा जनक एवं आरामदायि यात्रा अनुभव हुने भन्ने जस्तो व्यहोरालाई पैठारी भएका टायर बहुप्रयोग प्रकृतिको र कारमा समेत प्रयोग हुने भनी भएको निर्णय तथ्यगत नभई आत्मपरक निर्णय भएको देखिन्छ ।

८. यस न्यायाधिकरणको मिति २०७२।९।६ मा भएको फैसला अनुसार पुनः छानविन गरी निर्णय गर्न प्रत्यर्थी कार्यालयमा पठाइएपछि सो कार्यालयले मिति २०७४।६।२ मा टायरका मोडल नम्बर समेत उल्लेख गरी नेपाल अटोमोबाइल्स डिलर्स एशोसिएशन (NADA) लाई उल्लेखित मोडल नम्बरका टायरहरु कस्ता सवारी साधनमा प्रयोग हुने हो खुलाई पठाइदिनु भनी लेखेको पत्रको जवाफमा नाडाले मिति २०७४।६।६ मा मोडल नम्बर अनुसार Agriculture Tractor का Back र Front टायर भएको व्यहोरा उल्लेख गरेको देखिन्छ । यसै सम्बन्धमा भन्सार जाँचपास परीक्षण कार्यालयले मिति २०७४।६।२५ मा मिति २०७४।६।६ को पत्रमा हाम्रो आवश्यकता मुताविकको विवरण खुलेको नपाइएकोले

उल्लेखित मोडल नम्बरका टायरहरु Multiple Use (धेरै प्रकारका गाडि वा कारहरुमा) प्रयोग हुन सक्छ वा सक्दैन । ट्याक्टरमा मात्र प्रयोग हुने खालका हुन वा अन्य जीप, भेन, कार, बस, ट्रक आदिमा समेत प्रयोग हुन सक्छन भन्ने विषयमा स्पष्ट रुपमा किटान गरी वा खुलाई पठाई राजस्व असुली कार्यमा सहयोग गरिदिन अनुरोध गरेको पत्रको मिति २०७४।८।२५ को NADA को जवाफमा उल्लेखित सबै टायरहरु कृषि कार्यमा उपयोग हुने ट्याक्टरहरुमा मात्र प्रयोग हुने र अन्य कुनै पनि सवारी साधनहरुमा प्रयोग नहुने व्यहोरा उल्लेख भएको देखिन्छ । जाँचपास पछिको परीक्षण गर्ने कार्यालयले विवादित टायरहरु प्रयोगको पहिचान गर्न उपयुक्त ठानी NADA लाई पत्राचार गरेको मान्नु पर्ने हुन्छ । प्रत्यर्थी कार्यालयले पत्राचार गरेको निकायबाट जवाफ पनि प्राप्त गरेको छ । प्रत्यर्थी कार्यालय र नेपाल अटोमोबाइल्स डिलर्स एशोसियसन (NADA) बिच पत्राचार भएका पत्रका छाया प्रति पुनरावेदकले पुनरावेदन पत्र साथ संलग्न गरेको देखिन्छ । प्रत्यर्थी कार्यालयबाट प्राप्त शुरु मिसिलमा उक्त पत्रहरु संलग्न राखेको पनि नदेखिएको र त्यस्तो पत्राचारको बारेमा प्रत्यर्थी कार्यालयले गरेको निर्णयमा कुनै व्यहोरा उल्लेख समेत भएको देखिएन । यसरी आफू समक्ष रहेको विवादको निर्क्यौल गर्न सम्बन्धित निकायबाट जानकारी माग भएको र तत् निकायबाट त्यस्तो जानकारीको यकिन जवाफ प्राप्त भएकोमा त्यस्तो जवाफ करदाताको पक्षमा जान सक्छ भन्ने आधारमा त्यस्तो कागजात नै मिसिलमा सामेल नराख्ने एवं त्यस्ता प्रमाणहरूको विवेचना नै नगरी गरिएको निर्णय न्यायिक प्रकृयाको बर्खिलाप हुने हुँदा शुरु निर्णयसँग सहमत हुन सक्ने अवस्था नै रहेन ।

९. अव दोस्रो प्रश्न कारोबार खर्च घटी घोषणा गरी महसूल घटी असुल भएको हो, होइन ? भन्ने सम्बन्धमा हेर्दाः प्रत्यर्थी कार्यालयको निर्णय पर्चाको तपसिल खण्डको तालिका १, २ र ३ मा भाडा, बिमा, बैंक क्लियरेन्स तथा अन्य सम्बद्ध खर्चहरु घटी घोषणा गरेकोले विल विजक तथा विववरणबाट देखिएको खर्च रकम र घोषणा गरेको रकममा फरक परेकोले निर्धारण भएको महसूलका सम्बन्धमा कारोबार खर्च फरक नपरेको जिकिर पुष्टि गर्ने प्रमाण पुनरावेदकले मिति २०७४।१०।१८ मा प्रत्यर्थी कर्यालयमा पेश गरेको जवाफमा कही पनि उल्लेख भएको देखिएन । पुनरावेदन पत्रमा कारोबार खर्च रकम भन्सार जाँचपास परीक्षणको विषय होइन भन्ने जिकिरसम्म लिएको देखिन्छ । भन्सार ऐन, २०६४ को दफा ३४(१) अनुसार भन्सार जाँचपास परीक्षण कार्यालयले पैठारी भएका मालबस्तुको कारोबारसँग सम्बन्धित सबै प्रकारका कागजात प्रमाण अभिलेख परीक्षण गर्न सक्नेमा कुनै विवाद देखिदैन । भन्सार ऐनको दफा ३४(२) अनुसार कारोबार मूल्य घटी घोषणा गरेकोमा लाग्ने महसूल र शतप्रतिशत जरिवाना हुने व्यवस्था समेत रहेको पाइयो । पुनरावेदकले पैठारीका बखत घटी घोषणा गरेको कारोबार खर्च मालबस्तुको कारोबार मूल्यमा समावेश हुने खर्च भएको देखिन्छ । घटी कारोबार मूल्यको हुने महसूल र जरिवाना लाग्ने गरी भएको निर्णय कानून सम्मत नै देखिन आयो ।

१०. उपरोक्त विवेचित प्रमाणको विश्लेषणको आधारमा भन्सार जाँचपास परीक्षण कार्यालय, तिनकुने काठमाडौंको मिति २०७४।१०।२१ को निर्णयमा भन्सार वर्गिकरण उपशिर्षक फरक परेको

कारणले भन्सार महसूल र मूल्य अभिवृद्धिकर घटी असूल भएको भनी भन्सार ऐन २०६४ को दफा ३४(३) बमोजिम शतप्रतिशत जरिवाना समेत लगाई महसूल निर्धारण गरेको मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहर्छ । अन्यमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

**<u>तपसिल</u>**

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम भन्सार जाँचपास परीक्षण कार्यालय, तिनकुने काठमाडौंको मिति २०७४।१०।२१ को निर्णयमा भन्सार वर्गिकरण उपशिर्षक फरक परेको कारणले भन्सार महसूल र मूल्य अभिवृद्धिकर घटी असूल भएको भनी भन्सार ऐन २०६४ को दफा ३४(३) बमोजिम शतप्रतिशत जरिवाना समेत लगाई महसूल निर्धारण गरेको मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहरी फैसला भएको हुँदा पुनरावेदकले राखेको धरौटी रकमबाट उल्टी हुने ठहर भएको हदसम्मको रकम कानूनले तोकेको म्याद भित्र फिर्ता माग गर्न आएमा फिर्ता दिनु...........................................................१

प्रस्तुत मुद्दाको फैसला भएको सूचना बिशेष सरकारी वकिलको कार्यालय, काठमाण्डौलाई दिनु..................................................................................................२

प्रत्यर्थी कार्यालय र नेपाल अटोमोबाइल्स डिलर्स एशोसियसन विच भएका पत्राचारका प्रति फैसला साथ संलग्न गरी प्रत्यर्थी कार्यालयमा समेत पठाउनु.......................................३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू...............................................................................................३

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
टिपोट गर्नेः –श्री मनोज कुमरा श्रीवास्तव (शाखा अधिकृत)
कम्प्यूटर टाइपः प्रदिप तिवारी (कम्प्यूटर अपरेटर)
इति सम्वत् २०७४ साल भदौ महिना २१ गते रोज ५ शुभम् ...........................